# महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०६४

## भाग – १

नेपालको अन्तरिम संविधान, २०६३ एवं लेखापरीक्षण ऐन, २०४८ मा व्यवस्था भएबमोजिम आर्थिक वर्ष २०६३।६४ मा सम्पन्न गरेको लेखापरीक्षण र अन्य कामको विवरण समेत समावेश गरी वार्षिक प्रतिवेदन, २०६४ प्रस्तुत गरिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२४(२) मा उल्लेख भएअनुरुप यो प्रतिवेदनमा लेखापरीक्षणबाट देखिएका कुराहरुको अतिरिक्त लेखापरीक्षण गरेका निकायको विवरण, लेखापरीक्षण बेरुजूको स्थिति, बेरुजू फछ्र्यौट गर्न गरेको प्रयास र बेरुजू फछ्र्यौटका सम्बन्धमा प्राप्त उपलब्धि तथा लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारको विवरण समावेश गरिएको छ । महालेखा परीक्षकको यो चवालीसौं वार्षिक प्रतिवेदन, २०६४ को पहिलो भाग हो ।

नेपालको अन्तरिम संविधान, २०६३, लेखापरीक्षण ऐन, २०४८ र महालेखा परीक्षकले लेखापरीक्षण गर्नुपर्ने गरी कानूनद्वारा तोकिएका निकायहरुको आर्थिक वर्ष २०६२।६३ र त्यस अघिका बक्यौता समेतको पेश हुन आएसम्मको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरी देखिन आएका मुख्य व्यहोरा निम्नानुसार प्रस्तुत गरिएको छ:

**सार–सङ्क्षेप:** महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०६४ को निम्नानुसार भाग १, २, ३, ४ र ५ मा उल्लिखित मुख्य मुख्य व्यहोरा सार–सङ्क्षेपको रुपमा प्रस्तुत गरिएको छ ।

भाग – १: **सरकारी कार्यालय** – सर्वोच्च अदालत, संवैधानिक निकायहरु, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, अदालत लगायत सबै सरकारी कार्यालयहरुको विनियोजन, राजस्व, धरौटी र अन्य आय–व्ययको लेखापरीक्षणबाट देखिएका व्यहोरा यस भागमा उल्लेख छ ।

भाग – २: **कार्यमूलक लेखापरीक्षण** – आयोजना, कार्यक्रम तथा विषयको मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतको दृष्टिकोणबाट परीक्षण गरी देखिएका व्यहोरा यस भागमा प्रस्तुत गरिएको छ ।

भाग – ३: **संगठित संस्था, समिति र अन्य संस्था** – नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्था, समिति तथा अन्य संस्थाको लेखापरीक्षण र सरकारको अधिकांश स्वामित्व भएको संस्थाको लेखापरीक्षणबारे परामर्श दिएको समेतको व्यहोरा यस भागमा समावेश छ ।

भाग – ४: **जिल्ला विकास समिति** – जिल्ला विकास समिति ७५ तथा स्थानीय विकास कोषको लेखापरीक्षणबाट देखिएका व्यहोरा यस भागमा समावेश गरिएको छ ।

भाग – ५: **सरकारी कार्यालयको आर्थिक विवरण** – सर्वोच्च अदालत, संवैधानिक निकायहरु, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, अदालत लगायतका सबै सरकारी कार्यालयहरुको विनियोजनतर्फको उपशीर्षकगत आर्थिक विवरण, राजस्व र धरौटीको निकाय/मन्त्रालयगत आर्थिक विवरण यस भागमा समावेश गरिएको छ ।

सर्वोच्च अदालत, संवैधानिक निकाय/मन्त्रालय लगायत सम्पूर्ण सरकारी कार्यालय तथा अदालतहरुको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.२ खरब २ अरब १४ करोड १३ लाख ९३ हजारको कानूनद्वारा निर्धारित तरिका बमोजिम लेखापरीक्षण सम्पन्न गरी देखिएका प्रमुख व्यहोरा यस प्रतिवेदन खण्डमा समावेश गरिएको छ ।

उपर्युक्त कारोबारको लेखापरीक्षणबाट रु.१६ अरब ९८ करोड ४० लाख २० हजार (लेखापरीक्षण अङ्कको ८.४० प्रतिशत) बेरुजू देखिन आएको छ । प्रतिवेदन अवधिसम्ममा रु.८ अरब ८३ करोड ५३ लाख २६ हजार (कुल बेरुजूको ५२.०२ प्रतिशत) फछ्र्यौट गरी सम्परीक्षण गराएबाट बाँकी रु.८ अरब १४ करोड ८६ लाख ९४ हजार (लेखापरीक्षण अङ्कको ४.०३ प्रतिशत) यसै प्रतिवेदनमा समावेश छ । गत विगत वर्षको बेरुजू सम्परीक्षण हुँदा थप भएको बेरुजू रु.१० करोड ४४ लाख ७० हजार समेत कुल बेरुजू रु.८ अरब २५ करोड ३१ लाख ६४ हजारमध्ये ७.०२ प्रतिशत असुल उपर गर्नुपर्ने, ४७.७५ प्रतिशत नियमित गर्नुपर्ने र ४५.२३ प्रतिशत पेश्की बाँकी देखिएको छ ।

गत वर्षसम्मको बाँकी बेरुजू रु.२९ अरब ८८ करोड ८८ लाख ७६ हजारमध्ये रु.११ अरब ७२ करोड ४२ लाख ८८ हजार (३९.२३ प्रतिशत) सम्परीक्षण भई बाँकी रहेको रु.१८ अरब ११ करोड २५ लाख ८८ हजार समेत यो वर्षसम्म फछ्र्यौट गर्न बाँकी बेरुजू (पेश्की समेत) रु.२६ अरब ४१ करोड ५७ लाख ५२ हजार देखिएको छ । बेरुजूको कुल रकम गत वर्षको भन्दा घटेको छ ।

गत वर्षसम्मको बाँकी पेश्की रु.८ अरब १० करोड ३ लाख ९४ हजारमध्ये रु.३ अरब १६ करोड ३४ लाख ८४ हजार (३९.०५ प्रतिशत) फछ्र्यौट गरी सम्परीक्षण गराएबाट बाँकी रहेको रु.४ अरब ९३ करोड ६९ लाख १० हजारमा यो वर्ष रु.३ अरब ७३ करोड २६ लाख ८७ हजार थप भएको समेत कुल पेश्की बाँकी रु.८ अरब ६६ करोड ९५ लाख ९७ हजार देखिएको छ । बाँकी पेश्कीमध्ये रु.६८ करोड ७६ लाख ६९ हजार (७.९३ प्रतिशत) कर्मचारी पेश्की बाँकी देखिएको छ । कुल पेश्की बाँकी गत वर्षको भन्दा बढेको छ ।

बेरुजू पेश्की लगायत लेखापरीक्षणका विस्तृत व्यहोरा मन्त्रालय खण्डहरुमा प्रस्तुत गरिएको छ ।